


1

## हाम्रो कक्षाको उद्देश्य

हाम्रो कक्षाको उद्देश्य कुनै **संप्रदाय (Cult)** लाई प्रवर्द्धन गर्नु होइन, तर तिनीहरूलाई प्रेमपूर्वक सत्यको प्रकाश देखाउने हो। हामी आफ्नो **विश्वासको रक्षा** गर्ने र **सिधा, सरल तरिकाले ख्रीष्टको सुसमाचार बाँड्ने** कुरा सिक्दैछौं।

यसका लागि हामीले जान्नुपर्छ:
**म के विश्वास गर्छु?**
**म किन त्यो विश्वास गर्छु?**

हामी समस्याको समाधान बाह्य स्रोतहरूबाट होइन, **परमेश्वरको वचन (बाइबल)** बाट खोज्नेछौं।

**"तपाईहरू आफूसँग भएको आशाको कारणको बारेमा सोध्नेहरूलाई सजग र नम्रतापूर्वक जवाफ दिन सधैं तयार रहनुहोस्।"** – 1 पत्रुस 3:15

2

१. प्रचलित भुटा शिक्षक र शिक्षाको जानकारी दिनु ।
२. भविष्यमा अन्य भुटा शिक्षाहरु कसरी चिन्ने ।
३. भुटा शिक्षा ल्याउनेलाई कसरी खीष्टको गवाही दिने ।

11/6/25 Copy Right Protected by Joel Regmi 3

3

## समग्रमा भूटा शिक्षाहरू के हुन् त ?

भूटा शिक्षाहरु बारे अक्सफोर्ड डिक्सनरीले यसरी भन्दछ, Cult: a small group of People who have extreme religious beliefs and who are not part of any established religion. भूटा शिक्षाहरू बाइबलीय आधारभुत शिद्धान्तमा आधारित हुदैनन् । येशु खीष्टको अस्थित्वलाई इन्कार गर्दछन् । प्रभु येशू खीष्टबाट नआएका शिक्षाहरू सुसमाचार होइनन ति भूटा शिक्षा हुन भनी बुझ्नु पर्दछ ।
(गलाति १: ६–९)

11/6/25 Copy Right Protected by Joel Regmi 4

4

गलाती 1:6-9
'मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ। वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहीकोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन्। हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो व्यक्ति श्रापित होस्। हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्। '

5

साँचो शिक्षालाई कसरी चिन्ने र भूटा शिक्षाहरूबाट बच्ने त ?
हाम्रोमण्डलीभूटाशिक्षाखोज्नलाईहाइेनतरखीष्टकोसाँचोशिक्षामा रहिरहनको लागि । आज भोलि भूटो शिक्षा व्यापक भएको कारण मण्डलीहरुलाई समेत असर पार्ने काम गरिरहेका छन् । त्यसैले साँचो मण्डलीहरू भ्रममा पर्न सक्ने जोखिम बढीरहेको हुँदा निम्न कुराहरूको अध्ययन तथा पालना गर्न जरुरी देखिन्छ ।

11/6/25 Copy Right Protected by Joel Regmi 6

6

*साँचो शिक्षालाई जानेर मात्रै हुदैनपालना पनी गर्नु पर्दछ।*

'भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। ' (प्रेरीत १७ : १०,११)



7

*झूटा शिक्षाहरु चिन्न र जान्न किन आवश्यक छ ?*

हामीलाई वारम्वार अन्धकारको कार्यहरुसँग संगति नगर्नु भनि बाइबलमा चेतावनी दिइएको छ। झुटा शिक्षाहरु यही अन्धकारको श्रेणीमा पर्दछन्। झुटा शिक्षाले मानिसहरुलाई बाइबलिय सही सिद्धान्तहरुबाट झुट, छल, र धोखातर्फ लगिरहेकाछन् र अन्ततः नरकमा लैजादैछन्।



8

यहाँ तल उल्लेख गरिएका पद अनुसार हामीले यी झुटा शिक्षा ल्याउनेहरुलाई जय मसिह (अभिवादन) गर्नु र एक गिलास पानी दिनु (स्वागत गर्नु) तिनीहरुसँग सहभागी भएको अर्थ लाग्दछ। त्यसर्थ बाइबलमा हामीलाई तिनीहरुबाट अलग रहन सचेत गराइएको छ। २ यूहन्ना १ : ७-८

9

*झुटा शिक्षाहरु भ्रमात्मक हुन्छन्*

"किनकि भ्रममा पार्नेहरू धेरैजना संसारमा आएका छन् जसले येशु ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्दैनन। यस्तो व्यक्ति नै छली र ख्रीष्ट विरोधी हो। होशियार रहो, जुन कुराको निम्ति तिमीहरू काम गरिरहेका छौ, त्यो गुमाउने होइन तर पुरा इनाम पाउने होओ"
(२ युहन्ना १:७, ८)



10

*झुटा शिक्षाहरु कपोकल्पित र स्वदर्शनमा भरपर्दछन्*

"यदि संसारका आधारभूत सिद्धान्तहरूप्रति ख्रीष्टसँग तिमीहरू मरेका छौ भने यस संसारका जस्ता भई किन तिमीहरू बाँचिरहन्छौ ? नियमहरूका अघि किन झुक्छौ ? नसमात, नचाख, नछोओ। यी कुराहरू मानिसका आदेशहरू र सिद्धान्तहरूमा आधारित छन्।"
कलस्सी २ : २०-२३



11

झुटा शिक्षामा
उद्धारको निम्ति बाह्य श्रोतको आवश्यक्ता पर्छ



12

झूटा शिक्षाका मानिसहरु
अप्रासंगिक विषयबस्तुसंग बाइबललाइ जोड्ने प्रयास गर्दछन्



13

झूटा शिक्षाका सम्प्रदायका
प्रमुखहरु आफै ख्रीष्ट भएको दावि गर्दछन्



14

झूटा शिक्षाका सम्प्रदायहरूले
समलिग्गि विवाह तथा क्रियाकलापलाई मान्यता दिन्छन्



15

झूटा शिक्षाका सम्प्रदायहरूले
परमेश्वरको सेवालाई विलासितामा परिणत गर्दछन्



16

झूटा शिक्षाका सम्प्रदायहरूको
विश्वासको सार फरक हुन्छन्



17

झूटा शिक्षाका
सम्प्रदायहरुको मुख्य निशानामा विश्वासीहरु



18

झूटा शिक्षाका सम्प्रदायहरूले
नयाँ माता परमेश्वरको अस्तित्वको दाबी गर्दछन्



19

झूटा सम्प्रदायहरू
संसारको अन्त्य हुने र येशु ख्रीष्टको दोस्रो आगमन हुने
झूटा मितीहरु तोक्दै हिड्दछन



20

झुटा सम्प्रदायहरु श्वदर्शनबाट लिखित
पुस्तकलाई वास्तविक धर्मशास्त्र हो भन्ने गर्दछन्




21

झुटा शिक्षाका सम्प्रदायले
परमेश्वरको अस्थित्वलाई इन्कार गर्दछन्



22




23

तिनीहरु जसले त्रिएक परमेस्वरलाई विश्वास गर्दैनन ...

24

तिनीहरु जसले बाइबल पूर्ण छैन भनि भन्छन ...

25

तिनीहरु जसले काम वा आफ्नो मण्डली या आफुले बनाएको सिदान्त मा मात्र मुक्ति पाइन्छ भन्छन ...

26

तिनीहरु जसले प्रभु येशुलाई पबित्र आत्माको शक्तिबाट मरियमको कोख बाट जन्मनु भयो भन्ने बिस्वाश गर्दैनन ...

27

तिनीहरु जसले मानिस पापी छैनन् भनी  भन्छन
र प्रभुको मिर्तु र पुनरुत्थान लाई  बिस्वाश गर्दैनन् ...

28

तिनीहरु जसले प्रभुको आगमनलाई इन्कार गर्छन
र बिसेस कुनै मानिस नै उसको दोस्रो आगमन हुन्छ भन्छन ...

29

तिनीहरु जसले सैतानको अस्तित्व छैन
र सैतानले दण्ड पाउदैन भन्छन ...

30

तिनीहरु जसले पानीको बप्तिस्मा लाई मुक्ति संग जोडिदिन्छ ...

31

तिनीहरु जसले मण्डली उठाईलाने ,
महासंकटमा , ख्रिस्टको हजरबर्ष को राज्यमा बिस्वाश गर्दैनन्...

32

बाइबलमा भएको चिन्न,
चंगाइ , आस्चर्यकर्ममा विश्वास गर्दैनन् ...


33

महानआज्ञा पुरा गर्नु पर्दैन ,
सुसमाचार प्रचार गर्नु पर्दैन भन्छन...

34

तिनीहरु जसले चंगाइ माथी बिस्वाश गर्दैनन ...

35




36

१.हामी बिश्वास गर्छौं त्रिएक परमेश्वरमा पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरमा...

(१यूहन्ना ५: ६-८, १ यूहन्ना २ :२२, २ कोरेन्थी १३: १४, मत्ती २८:१९, २ पत्रुस १:२१)



37

१ यूहन्ना 5:6-8

'उहाँ उही नै हुनुहुन्छ, जो पानी र रगतद्वारा आउनुभयो, अर्थात् येशू ख्रीष्ट, जो पानीद्वारा मात्र होइन, तर पानी र रगतद्वारा आउनुभयो। गवाही दिने त पवित्र आत्मा नै हुनुहुन्छ, किनकि पवित्र आत्मा सत्य हुनुहुन्छ। किनभने गवाही दिनेहरू तीन छन्, अर्थात् पवित्र आत्मा, पानी र रगत, र सबै कुरामा यी सहमत हुन्छन्। '

१ यूहन्ना 2:22

'झूटो को हो? झूटो त्यो हो, जसले येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा इन्कार गर्दछ। पिता र पुत्रलाई जसले इन्कार गर्छ, ख्रीष्ट विरोधी त्यही हो।

२ कोरिन्थी 13:14

'प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्।'

मत्ती 28:19

'यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ,

२ पत्रुस 1:2

'परमेश्वरको र येशू हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरूमा प्रशस्त हुँदैजाओस्। '

38

२. हामी विश्वास गर्छौं सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्धारा दिइएको हो र यो भुलरहित छ ...

(२ तिमोथी ३:१६, २पत्रुस १: २१)



39

२ तिमोथी 3:16

'सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, '

२ पत्रुस 1:20-21

'सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।'

40

३. हामी विश्वास गर्छौं कि विश्वासद्धारा सित्तैमा मुक्ति पाईन्छ र मुक्तिको निश्चयता पनि पाईन्छ। मुक्तिचाहि काम, कर्म र बप्तिस्माद्धारा पाईन्दैन ...

एफिसी २ ८, यूहन्ना ३:१८, १ पत्रुस १:५, रोमी ८:१, रोमी ८:२९-३०)



41

एफिसी 2:8

'किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो.

यूहन्ना 3:18

'जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। '

१ पत्रुस 1:5

'आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ। '

रोमी 8:1

'यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। '

रोमी 8:29-30

'जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो। जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो। '

42

४. हामी विश्वास गर्छौं कि येशू ख्रीष्ट पवित्र आत्माको शक्तिद्धारा कन्या मरियमको कोखबाट जन्मनुभयो, र उहाँ यस संसारमा रहँदा सत-प्रतिशत परमेश्वर र सत-प्रतिशत मानिस हुनुहुन्थ्यो र उहाँले कुनै पाप गर्नुभएन ...

यशैया ७:१४, मत्ती १:२३, फिलिप्पी २:६,७, १ पत्रुस २:२२)



43

यशैया 7:14

'यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्याले गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ। '

मत्ती 1:23

'"हेर, कन्याले गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग।" '

एफिसी 2:6,7

'र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। "योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। '

१ पत्रुस 2:22

'"उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन।" '

44

५. हामी विश्वास गर्छौं कि मानिस सबै पापी छन् र त्यही पापको निम्ति प्रभु येशू ख्रीष्ट मर्नुभयो, गाडीनुभयो र तेस्रो दिनमा बौरीउठ्नुभयो र अहिले उहाँ हाम्रो र परमेश्वरको बीचको मध्यस्त भई काम गर्दैहुनुहुन्छ ...

लूका २४:७-८, १ यूहन्ना २:२, १ तिमोथी २:५)



45

लूका 24:7-8

'कि मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ'।" तिनीहरूले उहाँका वचन सम्झे। '

१ यूहन्ना 2:2

'उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि। '

१ तिमोथी 2:5

'किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ— मानिस, ख्रीष्ट येशू। '

46

६. हामी विश्वास गर्छौं कि

येशू ख्रीष्ट हामीलाई लिन फेरी आउँदैहुनुहुन्छ ...

१थिस्सलोनिकी ५:१-६, १कोरन्थी १५:५१-५२, प्रेरित १:११, २पत्रुस ३:१०-११ यहूदा १५



47

१ थेसलोनिकी 5:1-6

'तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरूलाई केही लेख्ने आवश्यकता छैन। किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैँ आउनेछ। जब मानिसहरू "शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब गर्भवती स्त्रीलाई बेथा लागेझैँ अचानक तिनीहरूमाथि विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन्। तर भाइ हो, तिमीहरू अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित पार्नेछैन। किनकि तिमीहरू सबै ज्योतिका सन्तान र दिनका सन्तान हौ। हामी रातका र अन्धकारका सन्तान होइनौं। यसकारण अरूहरूझैँ हामी नसुतौं, तर जागा बसौं, र सचेत होऔं। '

१ कोरिन्थी 15:51-52

'हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। '

प्रेरित 1:11

'तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।"

२ पत्रुस 3:10-11

'तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? '

२ पत्रुस 3:15

'हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैँ ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे। '

48

७. हामी विश्वास गर्छौं कि शैतानको
अस्तित्वमा र हजार बर्षको राज्यपछि सदाको
लागि त्यो र त्यसका सबै दूतहरुले दण्ड भोग्नेछन् ...

यशैया १४:१२-२३, २ कोरेन्थी ४:४, प्रकाश २०:१०)



49

यशैया 14:12-23

'ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" तर तँ चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्याइस्। तँलाई देख्नेहरूले तँलाई एक टक लाएर हेर्नेछन्, र तेरो भाग्यमाथि ध्यानसित गुनेर भन्नेछन्, "पृथ्वीलाई हल्लाउने तथा राज्यहरूलाई थरहरी पार्ने त्यो त्यही मानिस हो, जसले संसारलाई मरुभूमि बनायो र त्यसका सहरहरूलाई पराजय गऱ्यो? कैदीहरूलाई घर जानलाई नदिने के यो त्यही मानिस हो?" जाति-जातिका सबै राजाहरू, प्रत्येक आ-आफ्नै चिहानमा गौरवमा पस्रिरहेका छन्। तर तँचाहिँ त तेरो चिहानबाट नचाहिने हाँगाजस्तै फ्याँकिइस्। तँ तरवारले रोपिएकाहरूसँग, खाड़लका ढुङ्गाहरूमा खसेकाहरूसँग मारिएकाहरूले ढाकिएको छस्। तँ खुट्टाले कुल्चिएर पैतालामुनि परेको लाशझैँ भएको छस्। दफनको समयमा तँ उनीहरूसित मिल्नेछैनस्, किनकि तैंले आफ्नो देशको संहार गरेको छस्, तैंले आफ्ना मानिसहरूलाई मारेको छस्। दुष्टका सन्तानको नाउँ कहिल्यै लिइनेछैन। उनीहरूका पुर्खाका पापको निम्ति त्यसका छोराहरूलाई मार्न ठाउँ तयार गर। देशका उत्तराधिकारी हुन उनीहरू नउठून्, र पृथ्वी उनीहरूका सहरहरूले नभरोस्। "सर्वशक्तिमान् परमप्रभु यो घोषणा गर्नुहुन्छ, 'म उनीहरूका विरुद्धमा खड़ा हुनेछु, र बेबिलोनबाट बाँचेकाहरू, त्यसका बालबच्चाहरू, र त्यसको नाउँ मेटिदिनेछु। म त्यसलाई लाटोकोसेरो बस्ने ठाउँ र धाप बनाउनेछु। म त्यसलाई सर्वनाशको कुच्चोले बढ़ार्नेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। '

२ कोरिन्थी 4:4

'तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ। '

प्रकाश 20:10

'तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्। '

50

८. हामी विश्वास गर्छौं पानीको बप्तिस्मा
र प्रभुभोज हामी (मण्डली)लाई दिइएको बिधि हो ...

मत्ती २८:१९, १कोरेन्थी ११:१७-२६)



51

मत्ती 28:19

'यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, '

१ कोरिन्थी 11:17-26

'तर यी आदेश दिंदा म तिमीहरूको तारिफ गर्दिनँ, किनकि तिमीहरू भेला हुँदा त्यो असलको निम्ति हुँदैन, तर त्यो अझ खराबीको निम्ति हुन्छ। किनकि पहिले त, मण्डलीमा एकसाथ भेला हुँदा तिमीहरूमा फाटो हुन्छ भन्ने म सुन्दछु। अनि केही मात्रामा म त्यो विश्वास पनि गर्दछु। तिमीहरूमध्ये ग्रहणयोग्य ठहरिएकाहरू चिनिनलाई तिमीहरूमा मतभेद हुनु पनि आवश्यक नै छ। जब तिमीहरू एकसाथ भेला भएर खानपान गर्छौ त्यो चाहिँ प्रभु-भोज होइन। किनकि खान बस्दा हरेकले आफ्नो भोजन खान थाल्छ, र कोही भोकै रहन्छ, अनि कोहीचाहिँ मद्यले मातेको हुन्छ। के खान र पिउनलाई के तिमीहरूका आ-आफ्ना घर छैनन् र? अथवा के तिमीहरू परमेश्वरको मण्डलीलाई तुच्छ ठान्छौ र केही नहुनेहरूको अपमान गर्दछौ? म तिमीहरूलाई के भनूँ? के यसको निम्ति म तिमीहरूको तारिफ गरूँ? म कदाचित् तारिफ गर्दिनँ। किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पी पनि दिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो। यो मेरो सम्झनाको निम्ति गर।" त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो। जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर।" किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ।

52

९. हामी विश्वार गर्छौं मण्डली उठाईलानेमा,
महांसकष्टमा, ख्रीष्टको शारीरीक हजार बर्षको राज्यमा

१थेस्सलोनिकी ५:१-६, १ कोरेन्थी १५:५१-५२, मत्ती २४:२१,प्रकाश २०:१-६, यशैया ६५:९



53

१ थेसलोनिकी 5:1-6

'तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरूलाई केही लेख्ने आवश्यकता छैन। किनकि तिमीहरू आफै राम्ररी जान्दछौ, प्रभुको दिन त रातमा चोर आएझैँ आउनेछ। जब मानिसहरू "शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब गर्भवती स्त्रीलाई बेथा लागेझैँ अचानक तिनीहरूमाथि विनाश आइलाग्छ, र तिनीहरू कुनै रीतिले उम्कनेछैनन्। तर भाइ हो, तिमीहरू अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले तिमीहरूलाई चोरले जस्तै चकित पार्नेछैन। किनकि तिमीहरू सबै ज्योतिका सन्तान र दिनका सन्तान हौ। हामी रातका र अन्धकारका सन्तान होइनौं। "यसकारण अरूहरूझैँ हामी नसुतौं, तर जागा बसौं, र सचेत होऔं। '

१ कोरिन्थी 15:51-52

'हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। '

54

१०. हामी विश्वास गर्छौं कि
बाइबलमा भएको चिन्ह, चंगाई, आश्चर्यकर्ममा ...
यर्मिया ३२:२०, २ कोरेन्थी १२:१२)



55

यर्मिया 32:20
'मिश्रदेशमा आश्चर्यचकित चिन्हहरू र आश्चर्य कामहरू तपाईंले देखाउनुभयो, अनि आजको दिनसम्म इस्राएलीहरू र सारा मानिस-जातिका बीचमा ती प्रकट गर्दैआउनुभएको छ र ख्याति प्राप्त गर्नुभएको छ, जो आजसम्म तपाईंकै छ। '

२ कोरिन्थी 12:12
'साँचो प्रेरितका लक्षणहरूचाहिँ पूरा धैर्यसाथ, चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरूद्वारा तिमीहरूका बीचमा प्रकट गरिएका थिए। '

56

११. हामी विश्वास गर्छौं कि प्रभु येशूले हामीलाई
महान आज्ञा दिनुभएको छ जुन आज्ञा हो संसारमा
गएर मुक्तिको सु समाचार सुनाउनु ...
मत्ती २८:१९, रोमी १:१६



57

मत्ती 28:19
'यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, '

रोमी 1:16
'किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि। '

58

१२. हामी विश्वास गर्छौं कि परमेश्वरको शक्तिद्वारा
र धर्मिजनको विश्वासको प्रार्थनाले चंगाई हुनेछ ...
याकुब ५:१४-१६)



59

याकूब 5:14-15
'के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। '

60

## कसले के सिकाउछ ?

## उनीहरुका मुख्य शिक्षाहरु :-

61

## रोमन क्याथोलिक

संस्थापक : रोमी सम्राट कन्सटेटिन् ?
स्थापना : सन् ३१२
यिनिहरु निम्नानुसारका काम गर्दछन, जुन बाईबलको विपरीत छ :

- मृतकहरुका लागि प्रार्थना चढाउने काम गर्दछन।
- कूस्र को चिन्ह बनाउने , मूर्ति वा नक्साहरुको प्रयोग गर्ने गर्दछन ।
- मृतक , स्वर्गदूत र सन्तहरुका लागि आराधना गर्दछन् र मरियम र स्वर्गदूतहरुलाई पनि प्रार्थना गर्दछन ।
- बाईबलमात्र होइन अरु पुस्तकहरुलाई पनि मान्यता दिन्छन ।
- मरियमको पनि येशुको वस्तै शारीरिक पुनरुत्थान भएको थियो भनेर यिनिहरुले विश्वास गर्दछन ।
- मरियम पापरहित हुनुहुन्थ्यो भनी विश्वास गर्दछन,
- मुक्ति प्राप्त गर्नका लागि अरु माध्यमहरु पनि छन भनी सिकाउँछन ।
- प्रभुभोजको समयमा लिने रोटी र कचौरा , येशुको रगत र शरीरमा परिणत हुँदछ भन्ने विश्वास गर्दाछन्
- यस्ता अरु धेरै नमिल्ने र गलत अभ्यसहरु यिनहिरुले गर्दाछन् जुन हाम्रा शिक्षा र अभ्यासभन्दा धेरै फरक छन ।

62

## मोर्मोन

संस्थापक : जोसेफ स्मिथ जुनियर, स्थापना :

सन अप्रिल ६, १८३०

- उनिहरुले मोर्मोनको सिद्धान्त भन्ने पुस्तकलाई बाइबल भन्दा सत्य र उत्तम मान्दछन ।
- परमेश्वर पनि एक समयमा मानिसजस्तै हुनुहुन्थ्यो तर उहाँलाई मानिसले उच्च पारेका हुन भनी बिश्वास गर्छन ।
- परमेश्वरको पनि मानव शरीर छ ,जसद्धारा उहाँले आफ्ना श्रीमतिहरुसँग शारीरिक सम्बन्ध गाँस्नुहुन्छ भन्दछन । काला जातिहरु पहिला स्वार्गदूतहरु थिए , असल लडाइ नलडेको कारण उनीहरु काला भएका हुन् र परमेश्वरको पूरा आशिष्‌बाट बञ्चित भएका छन भनी भन्दछन ।
- येशू हाम्रो जेठो दाजुमात्र हुनुहन्छ। एक दिन सबै उहाजँ स्तै हुनेछन् ,ज्ञान, बुद्धि ,र शक्तिमा भनी सिकाउँछन ।

Continue..

63

## मोर्मोन

- येशुको कूसको मृत्युले आदमले गरेको पापलाई मात्र खारिज गर्दछ तर हामिले मुक्तिको लागि कर्म गर्नूपर्दछ भन्दछन ।
- पवित्र आत्मा एक वस्तुमात्र हो भनी मान्दछन ।
- येशुलाई मरियमले पवित्रआत्माद्धारा गर्भधारण गरेकी होइनन् भन्छन् ।
- सुसमाचार सुनाउनु भनेको काम गर्ने एउटा तरिका मात्र हो भन्दछन ।
- मुक्तिको आधार भनेको आज्ञाकारीता हो ,पानीको बाप्तिसमामा मुक्ति दिने शक्ति छ र पवित्रआत्मा चाहिँ अधिकार प्राप्त व्यक्तिले , हात राखिदियो भने पाइन्छ भनी विश्वास

64

## सेभेन्थ डे एड्भान्टिस्ट

संस्थापक : एलन जी. ह्वाट
स्थापना : सन , १८३०

- एलन ह्वाटले लेखेको किताबलाई ठूलो मान्यता दिन्छन् ।
- यिनिहरु रीतिथिति र व्यवहारमा बढी जोड दिन्छन र मुक्तिको लागि काम र्गनुपर्छ भनी सिकाउँछन्।
- खीष्ट येशुको ईश्वरत्वमा विश्वास गर्छन तर उहाँ पापरहित हुनुहुन्छ भनी विश्वास गदैन।
- येशु प्रमुख स्र्वागदूत माइकल हुनुहुन्छ भनी मान्दछन् ।
- यस समूहकी संस्थापिका श्रीमती एलन हवाटले आइतवार आराधना गर्ने मण्डली शैतानतर्फका हुनभनी सिकाउँछिन ।
- अक्टेबर २२, १८४४मा येशुले मुक्तिको दोस्रो र अन्तिम काम सिध्याउनुभयो भनि विश्वास गर्दछन् ।
- मृतकहरुको अस्तित्व हुँदैन र आत्मा मर्न सक्छ भन्दछन् । पापीहरुको पूर्ण नाश हुन्छ भनी विश्वास गर्दछन ।
- एलन जी हवाइट परमेश्वरद्धारा खटाइएकी अगमबक्ता हुन भनी मान्दछन् ।

65

## यहोवाको साक्षी

संस्थापक : चार्लस टेज रस्सल,
स्थापना : सन् १८८०

- यिनिहरुको अनुसार येशु मृत्युबाट पुनरुत्थान हुनुभएन। परमेश्वर त्रिएक हुनुहुन्न , जस्तै पिता, पुत्र र पवित्र आत्मा नरक एउटा चिन्ह मात्र हो , अनन्तको आगोमा जलिरहनुर्पैन। पापीहरु पूर्णरुपले नाश भईहाल्नेछन मानिसको आत्मा हुदैन।
- पवित्र आत्मा ब्यक्ति होइन तर परमेश्वरको शक्तिमात्र हो। मानिसले उद्धारको कममा आफनौ भूमिका खेलेको हुनुपर्दछ।
- यिनिहरुले खाली १४४,००० मात्र स्वार्ग जानेछन भनि भन्दछन (प्रकाश ७ : ४ )। सबै मृतकहरुले फेरी दोस्रो मौका पाउनेछन भनी विश्वास गर्दछन ।
- खीष्टको रगतले पापक्षमा हुदैन केवल फेरि बाच्ने मौकामात्र दिन्छ भन्दछन। येशुको रगतले मुक्ति त दिन्छ तर उहाँ मुक्तिदाताचाहिँ होइन भनी विश्वास गर्छन ।
- येशु मुख्य स्वर्गदूत माइकल र यहोवाद्धारा सृष्टि गरिएको एक व्यक्ति हुनुहुन्छ भन्दछन (यूहन्ना १ : १४, मत्ती ८: १७ र २९ )

Continue..

66

## यहोवाको साक्षी

- सन १८७४ मा येशु सँसारमा फर्किने भविष्यवाणी गरिएको थियो जो पूरा भएन।
- उनीहरुले सिकाउने कममा पुरानो करारबाट सिकाउँछन् र परमेश्वरको अपरिवर्तनशील नाम, स्वाभाव र गुणबाट सिकाउन थाल्छन।
- उनीहरुले मबाहेक अरु कोही परमेश्वर छैन भन्ने कुरालाई जोड दिएर सिकाउँछन् र पिता , पुत्र र पवित्र आत्माका बारेमा सिकाउनु गलत हो भनी भन्दछन।
- व्यभिचार गर्नु, मादक पदार्थ तथा नशालु पर्दाथ सेवन गर्नु उनीहरुका लागि ठूलो कुरा  मानिदैन।
- स्वार्ग र नरक छैन भनी सिकाउँछन र पाप भन्ने कुरालाई त्यति गम्भीर रुपमा लिँदैनन।
- रक्तदानको विरोधमा घरघर गएर प्रचार गर्दछन।
- मण्डलीका सदस्यहरुको दिमाग पूर्ण नियन्त्रण गर्दछन।

67

## ख्रीष्टियान साइन्स

संस्थापक: मेरी बेकर एडी
स्थापना :सन् १८७९

- मानिसको दिमागले ठीगसँग कामगर्नु नै परमेश्वर हुनु हो।
- खाराब दुष्टता र पाप भन्ने कुरा केही पनि छैन।
- सत्य छैन यो पनि त खाली भम्रमात्र हो।
- रोग भन्ने कुनै कुरो छैन, यो त एउटा भम्रमात्र हो।
- रोगीहरुले रोग लागेको छैन भने आफैलाई विश्वास दिलाए रोग निको हुनेछन।
- मृत्यु भन्ने नै छैन ।मानिसले यस्तो विश्वास गरेको कारणले नै यी सब भएको हो।
- सबै कुरा नै परमेश्वर हुन् कुनै एक परमेश्वर छैन। संसार भ्रममात्र हो।

Continue..

68

## ख्रीष्टियान साइन्स

- उत्पत्तिको पुस्तकको बिरोध गर्दछन। विशेषगरी मानिसको सृष्टिको कुरोलाई बिरोध गर्दछन।
- येशुको आराधना गर्नुहुँदैन कारण ऊ त केवल एउटा उत्तम मानिसमात्र हने भनि भन्दछन।
- येशुको मृत्यु भएको कारण मृत्युको अस्तित्व नै छैन भन्दछन।
- येशुको रगतको कुनै अर्थ नै छैन, कारण पापको अस्तित्व नै छैन भनी विश्वास गर्छन।
- मुक्ति भनेको भ्रमबाट बाहिर निस्केर ख्रीष्टियान साईन्समा विश्वास गर्नु हो भन्दछन।
- येशुको उजाड स्थानको परिक्षा एउटा झुटो कथामात्र हो भनी मान्दछन
- स्त्रीजाति आफै नै आमा बन्न सक्छन्, आफनो उच्च मनलाई सक्रिय तुल्याए भने भन्दछन।
- येशु ख्रीष्ट कान्य मरियमबाट जन्मेको कुरा त मानिलिन्छन् तर शरीरमा होइना आत्मामा मात्रै भन्दछन। येशु ख्रीष्टको साँचो शरीर भएकोले क्रूसको मृत्युको पीडा सहनुभएन र उहाँ साँचो रुपमा मरेको होइन भनी भन्दछन।
- नरक, स्वार्ग, येशुको पुनरुत्थान, उहाँको दोस्रो आगमन र अन्तिम न्यायमा पनि विश्वास गर्दैनन।

69

## द चर्च अफ साइन्टोलोजी

संस्थापक :रोन एल हुब्बरड
स्थापना : सन १९५०.

- यिनिहरुले धार्मिक दर्शन शास्त्रको प्रयोग गर्दछन।
- साइन्टोलोजीसँग मात्र मानव जातिको समस्याको समाधान छ भन्दछन।
- यिनिहरु अवतार सिद्धान्तमा विश्वास गर्छन।
- एनग्रामस र मेन्टल अडिटिबद्धारा परमेश्वर जस्तै शक्तिशाली हुन सकिन्छ भन्ने यिनिहरुको विश्वास छ।
- सबै धर्मलाई एक मान्दछन र पापीको निम्ति कुनै दण्ड छैन भनी भन्दछन।
- यिनिहरुले ख्रीष्टियनको धोर विरोध गर्दछन।
- पश्चात्तापको आवश्यकता नै छैन किनाकि पापीको लागी कुनै दण्ड नै छैन। नरक मानिसलाई तर्साउने एउटा दन्तेकथामात्र हो भन्दछन।

70

## मुनिजम अर्थत युनिफिकेसन र्चच

संस्थापक : सन मिउब मुन.(कोरिया)
स्थापना :१९५४

- बाइबल आफै सत्य नभएर यो एउटा सत्य सिकाउने पुस्तकमात्र हो भनि भन्दछन।
- अदनको बगैचाको गलत ब्याख्या गरिन्छ र हब्बा र सर्पको सहवास भएको थियो भनि सिकाइन्छ।
- येशु एक मानिसमात्र हुन परमेश्वर होइनन् भनि भन्दछन।
- येशुले आफनो मिशन पुरा गर्न सक्नुभएन र परमेश्वरको इच्छाको विपरीत येशु क्रुसमा मर्नुभयो भन्दछन
- येशु शरीरमा बौरिउठ्नुभएन तर आत्मामा उठ्नुभएको हो भन्दछन। लूका २४ अनुसार परमेश्वरले यो पुरानो इसाई धर्मलाई हटाई एउटा नयाँ धर्म सुरु गर्नुहुनेछ , जसलाई युनिफिकेसन भनिन्छ भनेर जोड दिन्छन।
- प्रार्थना साँचो पिता र मातालाई चढाउनुर्पछ ,जो मुन र उनकी श्रीमती हुन भन्दछन।

71

## द ओल्ड मिसन र्चच अफ गड आनसाङहोङ

संस्थापक : आनसाङहोङ
स्थापना : १९६४

- ओल्ड र्चच मिसन सोसाइटी अफ गड नै सबभन्दा सत्य मण्डली हो भनी भन्दछन।
- प्रभु येशु ख्रीष्टको दोस्रो आगमन सन् १९४८, मे १४ मा भैसक्यो, जहिले आनसाङहोङको बाप्तिस्मा भएको थियो भनी भन्दछन।
- बाप्तिस्मा र बिश्राम दिन मुक्तिका लागि आवश्यक छ भन्दछन।
- आनसाङहोङ र स्वर्गीय आमाबाट मात्र मानिसले मुक्ति पाउन सक्छ भन्दछन।
- निस्तर चाड मनाइयो भने जोखिम र खतराबाट बच्न सकिन्छ र जसले यो काम गर्दैनन, उनीहरु नष्ट हुनेछन भनी डर देखाउने काम गर्दछन।
- यिनिहरुले त्रिएक परमेश्वरको अस्तित्वलाई विश्वास गर्दैनन।
- अनुग्रबाट मुक्ति पाउने कुरालाई पनि इन्कार गर्दछन।
- मानिस स्वर्गदुतका रुपमा पहिला नै स्वर्गृमा थियो तर पाप गरेका कारण पृथ्वीमा झारियो भन्दछन।

72

## सच्चाई केन्द्र

**सच्चाई केन्द्र के हो ?**

सच्चाई जसलाई ईश्वरीय मार्ग भजन मण्डली पनि भनिन्छ। येशू खीष्ट र बाइबलको नाम लिएर हिन्दू धर्म र आस्थालाई संग संगै लिएर जाने झुठा शिक्षाको समुह हो। विक्रम सम्वत २०७० मा शुरु भएको सच्चाई केन्द्र आधिकारीक रुपमा विक्रम सम्बत २०७४ मा पोखरामा यसको कार्यालय स्थापना गरेका थिए।

**उनिहरुका शिक्षाहरु**

- सबै धर्महरु एउटै हो।
- सबै धर्माबलम्बिहरुको किताब पढ्न अनुमति दिइएको छ तर बाइबलचाहिँ मुख्य आत्मिक किताब हो भनि भन्दछन्।
- मुक्तिचाहिँ येशूद्धारा पाईन्छ र परमेश्वर अनुग्रही र प्रेमी हुनुहुन्छ।
- परमात्मामा भरोसा र विश्वास गर्‍यौं भने हाम्रो आत्माबाट असल गुणहरु देख्न सक्दछौ। शान्ति चाहिँ मनैदेखी आउनुपर्छ।
- परमात्मालाई हृदयदेखी विश्वास गर्नुपर्दछ।
- हरेक मगंलबार अन्य भाषामा प्रार्थना गर्नुपर्ने नियम पनि छ।

73

## उग्र अनुग्रहवाद र पापा प्रचारक

- उग्रअनुग्रहबादले विशेष गरी अनुग्रहको बारेमा बेसी सिकाउने र प्रचार गर्ने गर्दछन्। उग्रअनुगह बादी प्रचारकहरुले आफैलाई पिता भनेर सम्बोधन गनं लगाउँदछन् भने आफुभन्दा मुनिका प्रचारकहरुलाई छोरा र छोरी भनेर सम्बोधन गर्दछन्।
- विशेष गरी नेपालमा उग्रअनुग्रहबादको झुठा शिक्षाले युवाहरुको

  माझमा प्रभाव पारिरहेको छ। नेपालमा भएका मण्डलीका युवाहरुलाई उनिहरुले आफ्नो प्रभावमा पारेर र त्यहि मण्डलीका युवाहरुलाई परिचालन गरेर मण्डलीमा विभाजन र फुट ल्याउने काम गरिरहेका छन्।

Continue..

74

## उग्रअनुग्रहबादीहरुका शिक्षाहरु

- वर्तमान, भूत र भविष्यका पापहरु येशू खीष्टले क्षमा दिईसक्नुभएकोले अब विश्वासीहरुले येशू खीष्टको सामु आफ्नो पाप स्वीकार गर्न आवश्यक छैन, किनभने हामी विश्वासीहरु अनुग्रहको युगमा बाचेका छौ। १ यूहन्ना १:९ को पद विश्वासीहरुका लागी लेखिएको होइन, त्यसैलेपापको पस्चाताप गनै पर्दैन भनेर उनीहरुले सिकाउने गर्दछन्।
- येशू खीष्ट र पवित्र आत्माले अब विश्वासीहरुको पापलाई दोषी ठहराउनुहुन्न।
- विश्वासीहरुले पाप गर्दा अब पवित्र आत्मा दुःखित हुनुहुन्न तुल्याउने काम गर्न आवश्यक छैन।
- विश्वासीहरु अब परमेश्वरसंग डराउन पर्दैन, किनभने येशू खीष्टले हाम्रो लागी जे क्रुसमा गर्नुभयो, त्यसैको कारण अब परमेश्वर हामी संग खुसि हुनुहुन्छ। पहिले नै बचाईसक्नु भयो।
- अनुग्रहको एउटा नयाँ ईश्वरीय प्रकाश अन्तर्गत, अब विश्वासीहरु सबै पापहरुबाट मुक्त भइसकेकाछन् र अब उ एउटा सन्त हो।

Continue..

75

- पुरानो नियम र ब्यबस्थाको नियम यस अनुग्रहको युगमा सान्दर्भिक छैन भनेर सिकाउने
- गर्दछन्। तर उनिहरुले पुरानो नियमको पात्र र बाइबलीय कथाहरुलाई लिएर प्रचार भने गर्ने गदैछन्।
- पत्रहरु र हिब्रुको पुस्तक मात्र अहिलेको मण्डली (अनुग्रहको युग) मा सान्दर्भिक छ भनेर उनिहरुले भन्दछन्। काम गर्दछन्।

Continue..

76

## उग्रअनुग्रहबादीहरुलाई कसरी चिन्न सकिन्छ ?

- पापको बारेमा कहिल्यै पनि बोल्दैनन्।
- नरकको बारेमा केहि पनि बोल्दैनन् अनि सबैजना स्वर्गमा जान्छन् भनेर प्रचार गर्दछन्।
- उनिहरु प्रचार गर्दा फलिफापको मात्र प्रचार गदैछन्। जहिले पनि सकारात्मक कुरा गर्ने गदैछन्।
- उनिहरुले अनुग्रहको बारेमा यत्तिधेरै ब्याख्यन गर्दछन कि, अब उनिहरुकोमा जाने विश्वासीहरुमा मानौ अब कहिले रोगले छुदैन, धनसम्पतीको कहिले अभाब हुदैन र जहिले पनि सुख नै सुख प्राप्त गर्नेछन्।
- दशांश र भेटी दिनलाई जोड दिने गर्नछन् र भन्दछनः तपाईले दिनुभयो भने चौगुणा आशिष प्राप्त गर्नुहुन्छ।

Continue..

77

- अनैतिकताको विषयमा लचिलो धारणा राख्दछन्। गर्भपतन, सम्बन्ध बिच्छेद, ब्यभिचार,
- समलिङ्गी विवाह आदि जस्ता अनैतिक विषयमा सकेसम्म लचिलो हुन्छन्। कतिजना उग्रअनुग्रहवादी प्रचारकहरु आफै यस्ताकुरामा मुछिएका छन्। उनिहरुको मण्डलीमा पनि यस्ता विषयहरुमा कडा शिक्षा दिदैनन् र नरम ब्यवहार गर्दछन् कारण अनुग्हको समय हो र अनुग्रह द्वारा सबैकुरा क्षमा हुन्छ भनेर भन्दछन्।
- बाबु र छोराको सम्बन्धलाई जोड दिएर आफैलाई पापा प्रचारक भन्न रुचाउँदछन्।

78

## गुड न्युज मिसन

पार्क ओक्सु को समस्या के हो त् ?

- पार्क ओक्सुले पनि अरु झुठा शिक्षा जस्तै अरु मण्डलीको आलोचना गर्ने  र आफुलाई मात्र सहि हो भन्ने  गर्छन।
- दसांस दिने हरुको बिरोध गर्ने , प्रार्थना को आवश्यकतालाई इन्कार गर्ने।
- मण्डलीका एल्डर  , डिकन , तथा अगुवाहरुलाई निसाना बनाउने मण्डलीमा बिद्रोह को अवस्था सिर्जना गर्ने।
- मुक्तिको बिषयमा गलत धारणा राख्छन।  अन्तरिक चेतनाद्वारा मुक्ति पाइन्छ भनेर धेरै बिस्वासिलाई अलमलमा पारेको छ।  साथै बाइबललाई गलत ब्याख्या गरेर पश्चाताप गर्नु आवश्यक छैन भनि भन्छन।
- मुक्ति नपाएका मानिस को बिचमा भन्दा पनि सामान्य मण्डली हरुमा धेरै छन् भन्दै उद्धारपाई सकेका बिस्वासिहरु लाई मुक्ति पाउन उनीहरुको मा जानुपर्छ भनी जोड दिन्छन।

79

## सिन्छंजी - नया स्वर्ग र पृथिबी

- परमेस्वर उनलाई सिधै दर्सन दिनुभएकोले बाइबल बाहेक उनले लेखेका पुस्तक पनि परमेस्वर को  बचन हो भन्छ।
- यूहन्नाको पुस्तकमा प्रभुले भन्नुभएको सल्हाकार इ मन हि हो भनी दाबी गर्छन।
- इ मन हि  लाई मात्र स्वर्ग  र पृथिबी को बारे जान्ने र भुझाउने  अधिकार छ भनी दाबी गर्छन।

80

## मानमीन - चर्च  जे रक लि

- बाइबलको प्रकाशचाही जे रक लि लाई मात्र दिएको छ भनेर भन्दछन र उनले लेखेका पुस्तकहरु बाइबल भन्दा पनि महत्वपूर्ण छन् भनि भन्छन।
- मानमिन मण्डलीमा मात्र मुक्ति पाइन्छ र परमेश्वर ले नया यरुसलेम को साचो उक्त मण्डली लाई छोडेर जनुभएकोछ भनी दाबी गर्छन।
- जे रक लि संग मिर्तु पनि तेर्केर जान्छ भनी विस्वाश गर्छन।
- जे रक लि र परमेश्वर एकै हो भन्ने शिक्षा  दिन्छन।
- त्रिएक परमेस्वर एउटै हुनुन्छ भनि इन्कार गर्छन।
- न्याय को दिनमा जे रक लि ले मात्र मानमिन मण्डली सदस्यहरुलाई प्रभु संग व्यक्तिगत तवरले वकालत गर्न सक्छन भनि विश्वास गर्छन ।

81

## डब्लु सी सी

- परमेश्वरको बचन बाट जीवन पाइदैन  भनि भन्छन ।
- सबै धर्मले आ-आफ्नो इस्वरमा विश्वास र आस्था राख्न सक्छन र सबैले विश्वास गरेको परमेश्वर एउटै हो भनि विश्वास गर्छन , उनीहरु बहु धार्मिक आस्थावान हुन्।
- उनीहरु युकरिस्ट प्रभुभोज लिंदा पबित्र आत्मा ओर्लिआउनुहुञ्छ भनि विश्वास गर्छन।

82

## फेमिली रेडियो

हेरल्ड क्याम्पिंग -१९५८

- बाइबल चाही परमेश्वरको  बचनबाट अलग छन् भनी विश्वास गर्छन।
- मण्डली युग चाही समाप्त भैसकेको छ भनेर भन्छन  र अहिले उसको मण्डली बाहेक अरु मण्डली चाही सैतानद्वारा  चलाईएको छ भनी विश्वास गर्छन।
- क्रुस चाही सांकेतिक उदहारण मात्र हो , पृथ्वी बनिनुभन्दा अगि पुरा भैसकेको थियो  भनी भन्छन ।

83

## नया अगमबक्ताहरु : बजिंदर  सिंग

- समृद्धि सुसमाचार (Prosperity Gospel)
- आश्चर्यकाम र चिन्हहरूमा जोड (Emphasis on Miracles and Signs)
- आफ्नो प्रचार र प्रशंसा (Self-Promotion and Exaltation)
- व्यक्तिगत लाभका लागि बाइबलको दुरुपयोग (Manipulation of Scripture for Personal Gain)
- सही इश्वरशास्त्रीय सिद्धान्तको कमी (Lack of Sound Doctrine and Theological Depth)

84

यसमा मैले आफैलाई अगमवक्ता बताउने बजिन्दर सिंहका केही प्रमुख गलत शिक्षाहरूको बारेमा जानकारी गराएको छु । यो छोटकरीमा लेखीएको जानकारीलाई हामी हाम्रो घरेलु सङ्गतीमा पनि विस्तृत रुपमा छलफल गर्नेछौं । तर यो संछिप्त लेख मार्फत तपाईंहरुले बजिन्दर सिंह र उनको शिक्षा र अभ्यास बाइबलीय रुपमा किन गलत छ भनेर जान्नुहुनेछ । यी शिक्षाहरू बाइबलसँग मेल खाँदैनन् वा भ्रम उत्पन्न गराउँछन्। यहाँ तिनीहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छः

१. समृद्धि सुसमाचार (Prosperity Gospel)

बजिन्दर सिंह प्रायः समृद्धि सुसमाचारको प्रचार गर्छन्। यो शिक्षामा भनिन्छ कि हरेक विश्वास गर्ने मानिसको लागि परमेश्वरको इच्छा भनेको उनीहरूलाई धनी, स्वस्थ, र जीवनका सबै पक्षहरूमा सफल बनाउनु हो। यस्तो शिक्षाले प्रायः मानिसहरूलाई विश्वास गराउँछ कि आर्थिक आशीर्वाद र शारीरिक स्वास्थ्य सधैँ परमेश्वरको कृपाको संकेत हुन्, र विश्वास, सकारात्मक घोषणा, वा आर्थिक दानले यी आशीर्वादहरूलाई सुनिश्चित गर्छ।

बाइबलको उत्तरः बाइबलले सिकाउँछ कि परमेश्वरले आफ्ना मानिसहरूलाई आशीर्वाद दिनुहुन्छ, तर भौतिक सम्पत्ति र शारीरिक स्वास्थ्य सधैँ उहाँको कृपाको प्रमाण होइनन्। ख्रीष्टमा साँचो आशीर्वादहरू आत्मिक हुन्, जस्तै उद्धार, शान्ति, र अनन्त जीवन (एफिसी १:३)। बाइबलले ख्रीष्टियन जीवनमा कठिनाइ र परीक्षाहरू पनि हुन्छन् भनेर स्पष्ट बताएको छ (युहन्ना १६:३३, २ तिमोथी ३:१२)। यी चुनौतीहरू विश्वासको हिस्सा हुन् र यसले परमेश्वरसँग हाम्रो सम्बन्धलाई बलियो बनाउँछ।

२. आश्चर्यकाम र चिन्हहरूमा जोड (Emphasis on Miracles and Signs)

बजिन्दरको सेवामा आश्चर्यकाम, रोग निको पार्ने, र अलौकिक चिन्हहरूलाई धेरै जोड दिइन्छ। यद्यपि आश्चर्यकामहरू बाइबलको वास्तविकता हुन्, उनको शिक्षाले यही कुराहरूलाई विश्वासको प्रमाणको रूपमा प्रस्तुत गर्छ। यस्तो सन्देशले विश्वास गराउँछ कि आश्चर्यकामहरू हुनु जरुरी छ, र यदि तिनीहरू हुँदै छैनन् भने तपाईंको विश्वास कमजोर भएको छ वा कुनै पापको कारणले गर्दा यो, त्यो समस्या भएकोले पश्चाताप गर्नु जरुरी छ ।

बाइबलको उत्तरः परमेश्वरको महिमाको निम्ति आश्चर्यकामहरू र रोगबाट छुटकाराहरू हुने गर्छन्, तर यी ख्रीष्टियन विश्वासको मुख्य प्रमाण होइनन्। येशूले स्पष्ट रूपमै भन्नुभयो कि " दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ।" (मत्ती १२:३९)। विश्वासको जरा येशू ख्रीष्टमा र उहाँको क्रूसमा पूरा भएको कार्यमा हुन्छ, आश्चर्यकामको खोजीमा होइन (हिब्रू ११:१)। ख्रीष्टियन विश्वासमा महत्वपूर्ण कुरा ख्रीष्टप्रतिको विश्वास हो।

३. आफ्नो प्रचार र प्रशंसा (Self-Promotion and Exaltation)

बजिन्दर सिंहको सेवाले प्रायः उहाँलाई केन्द्रमा राख्ने र उहाँको क्षमता, विशेष दर्शन, वा अभिषेकलाई बढी महत्व दिने गर्छ। यो ख्रीष्टियन सेवकाईको मुख्य उद्देश्यको विपरीत छ, जसमा ख्रीष्टलाई केन्द्रमा राख्नुपर्ने हो।

बाइबलको उत्तरः ख्रीष्टियन अगुवाहरू नम्र सेवकहरू हुनुपर्छ, जसले मानिसहरूलाई आफूतर्फ होइन, ख्रीष्टतर्फ मार्गदर्शन गर्नुपर्छ। बप्तिस्मा दिने यूहन्नाले भनेझैं, "उहाँ बढ्नु, तर मचाहिँ घट्नु आवश्यक छ।" (युहन्ना ३:३०)। पावलले पनि चेतावनी दिएका छन् कि हामीले मान्छेलाई होइन, ख्रीष्टलाई अनुसरण गर्नुपर्छ (१ कोरिन्थी १:१२-१३)। ख्रीष्ट मात्र हाम्रो मुक्ति र जीवनको मार्गदर्शक हुनुहुन्छ।

४. व्यक्तिगत लाभका लागि बाइबलको दुरुपयोग (Manipulation of Scripture for Personal Gain)

पास्टर बजिन्दर सिंहले बाइबलका पदहरूलाई आफ्ना शिक्षाहरू अनुसार अनुकूलित गरेर, विशेषगरी पैसा र दशांशको विषयमा, तोडमरोड गर्छन्। उहाँ प्रायः आर्थिक योगदानको बदलामा आशीर्वाद र सफलता पाउने प्रतिज्ञा गर्छन्, जसले मानिसहरूमा भ्रम उत्पन्न गर्छ।

बाइबलको उत्तरः बाइबलले चेतावनी दिन्छ कि भक्तिलाई व्यक्तिगत लाभको साधन बनाउनु हुँदैन (१ तिमोथी ६:५)। बाइबलले भेटीलाई एक उदार र इच्छुक हृदयबाट दिनुपर्छ भनी सिकाउँछ, दबाबमा वा व्यक्तिगत लाभको आशामा होइन (२ कोरिन्थी ९:७)। विश्वासको यात्रा आत्मिक हो, र परमेश्वरसँगको सम्बन्ध आर्थिक रूपमा मापन गर्न सकिँदैन।

५. सही ईश्वरशास्त्रीय सिद्धान्तको कमी (Lack of Sound Doctrine and Theological Depth)

बजिन्दर सिंहका शिक्षाहरूमा बाइबलको गहिरो अध्ययनको अभाव देखिन्छ। उनका शिक्षामा बाइबलका पदहरूलाई सन्दर्भविना प्रस्तुत गरेर आफ्ना उद्देश्य अनुसार प्रयोग गरिएको पाइन्छ (Eisegesis)।

बाइबलको उत्तरः विश्वासीहरू विवेकशील र शिक्षामा बलियो हुनुपर्छ। पावलले तिमोथीलाई भनेझैं, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक। किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्रै सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्। तिमीचाहिँ दह्रिलो होऊ। कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर।"(२ तिमोथी ४:२-४)। बाइबलको गहिरो अध्ययन र सशक्त सिद्धान्त नै विश्वासको सुरक्षा र वृद्धिको लागि आवश्यक छ।

यसैले ग्यादरीङ परिवार, यी भ्रमात्मक शिक्षाहरूलाई सम्बोधन गर्नका लागि, हामीले परमेश्वरको वचनमा गहिरो जरा गाड्नुपर्छ, हरेक शिक्षालाई विवेकपूर्वक परीक्षण गर्नुपर्छ, र साँचो सुसमाचारको खोजी गर्नुपर्छ। हाम्रो दृष्टिकोण सधैँ येशू ख्रीष्ट, उहाँको कार्य, र उहाँका शिक्षामा रहनुपर्छ, मानवीय अगुवाहरूको खोक्रो प्रतिज्ञामा होइन।

ख्रीष्टमा दृढ विश्वास र बाइबलमा आधारित शिक्षा नै हाम्रो जीवनलाई सही मार्गमा राख्छ र छलकपटबाट सुरक्षित राख्छ। यसैले, हरेक विश्वासीलाई ख्रीष्टको साँचो सुसमाचारलाई अंगाल्न र परमेश्वरको सत्यमा स्थिर रहन प्रोत्साहित गरौं।

85

## हाम्रो ख्रीष्टियान क्षमाशील प्रतिरक्षा (Apologetic Stand)

**१. हाम्रो उद्देश्य स्पष्ट छ:**
हामी कुनै संप्रदायको निन्दा गर्न होइन, तर सत्यको संरक्षण गर्न र प्रेमपूर्वक ख्रीष्टको सुसमाचार बाँड्न तयार छौं।

**२. सत्यको मापन बाइबल हो, न कि मानवीय विचार।**
"**सम्पूर्ण धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो…**" – २ तिमोथी ३:१६ हामी हाम्रो विश्वासका आधारहरूलाई बाइबलबाट प्रमाणित गर्छौं, न कि बाह्य दर्शन वा अनुभवबाट।

**३. विश्वासको बचाउ गर्ने हाम्रा कारणहरू:**
- **म के विश्वास गर्छु?**
  येशू ख्रीष्ट नै उद्धारकर्ता हुनुहुन्छ, उहाँले पापीहरूको लागि मरेर पुनर्जीवन लिनुभयो।
- **किन विश्वास गर्छु?**
  बाइबल ऐतिहासिक, भविष्यवाणीपूर्ण र आत्मिक रूपमा सत्य छ। यसले सबै प्रश्नको उत्तर दिन्छ।

86

## हाम्रो ख्रीष्टियान क्षमाशील प्रतिरक्षा (Apologetic Stand)

**४. सत्य र झूटो छुट्याउने ज्ञान आवश्यक छ।**
"**सबै आत्माहरूमा विश्वास नगर, तर आत्माहरूलाई जाँच गर…**" – १ यूहन्ना ४:१
झूटा शिक्षाहरूलाई चिन्ने र तिनीहरूलाई प्रेमपूर्वक खण्डन गर्ने कार्य हामीले गर्नु आवश्यक छ।

**५. सुसमाचार सधैं सुस्पष्ट रूपमा बाँड्नुपर्छ।**

"**तपाईंहरू आफूसँग भएको आशाको कारणको बारेमा सोध्नेहरूलाई सजग र नम्रतापूर्वक जवाफ दिन सधैं तयार रहनुहोस्।**" – १ पत्रुस ३:१५

87